सुदूरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
# घरेलु तथा साना उद्योग कार्यालय
डडेल्धुरा

प.स २०७९/८०
च.न.

मिति - २०७९/०५/२७

## उद्यमीहरुका लागि प्रविधि हस्तान्तरण सम्वन्धी ३० दिने सुचना

यस घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुराको चालु आ.व २०७९/०८० को वार्षिक कार्यक्रम अनुसार यस कार्यालयमा दर्ता भई सञ्चालनमा रहेका लघु,घरेलु तथा साना उद्यमीहरुलाई उद्योग प्रर्वद्धनका लागि सहुलियत (छुट) दरमा प्रविधि ( मेसिन,औजार तथा यन्त्रउपकरण) हस्तान्तरण गर्ने कार्यक्रम रहेकोले उक्त सहुलियत दरमा प्रविधि प्राप्त गर्न ईच्छुक लघु,घरेलु तथा साना उद्यमीहरुले तपसिल वमोजिमको कागजात संलग्न राखी मिति २०७९/६/२७ गते कार्यालय समय भित्र रु १०० को निवेदन दस्तुर सहित प्रस्ताव दर्ता गराउन हुन सम्वन्धित सवैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसिल -

१.तोकिएको ढाँचा वमोजिमको निवेदन २. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ३.उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपी ४. PAN /VAT दर्ता प्रमाणपत्रको प्रतिलिपी ५.आ.व २०७८/०७९ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ६.उद्योगको व्यवसायिक योजना (स्किम) ७.अनुभव तथा तालिम सम्बन्धी प्रमाणपत्रहरु भए सो को प्रतिलिपीहरु ८.उद्योग सञ्चालनमा रहेको तथा उत्पादित मालसमानको फोटोहरु ९.स्थानीय तह (वडा,गा.पा.,न.पा) को सिफारिस - उद्योग सञ्चालनमा रहेको नरहेको , हाल सम्म कनै पनि सरकारी तथा गैरसरकारी निकायवाट कुनैपनि प्रकारको अनुदान प्राप्त नगरेको कुरा उल्लेख गराई सिफारिस पेश गर्नुपर्नेछ ।

अन्य शर्तहरु -

- उद्यमीले विगत तीनआर्थिक वर्ष (आ.व २०७६/७७,२०७७/७८ र २०७८/७९) मा यस कार्यालयवाट प्रविधि अनुदान प्राप्त गरेको भएमा निजको निवेदन उपर कारवाही गरिने छैन ।
- विभाग,निर्देशनालय,कार्यालय,समिति, प्रशिक्षण केन्द्र लघु उद्यम विकास कार्यक्रमवाट तालिम लिई व्यवसाय गरेका उद्यमीलाई विशेष प्राथिमिकता दिईनेछ ।
- यो कार्यक्रम ८० प्रतिशत कार्यालयको तथा २० प्रतिशत उद्यमीहरुको लागत सहभागीतामा सञ्चालन हुनेछ ।प्रविधि हस्तान्तरण कार्यक्रममा महिला, दलित, जनजाती तथा आर्थिक सामाजिक रुपमा पछाडि परेका वर्गले सञ्चालन गरेको उद्योगलाई उच्च प्राथमिकता दिईनेछ ।
- सुचनामा उल्लेखित म्याद भित्र प्राप्त नभएका निवदेन माथि कुनै पनि कारवाही हुने छैन ।
- प्रविधि हस्तान्तरण गरिने उद्यमीहरुको छनौट प्रदेश उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्वन्धी वार्षिक कार्यक्रम संञ्चालन तथा कार्यान्वयन कार्यविधि २०७९/०८० बमोजिम हुनेछ ।
- यस आ.व. भन्दा अगाडी यस कार्यालय तथा अन्य सरकारी र गैर सरकारी निकायबाट समेत अनुदान प्राप्त गरेको पाइएमा त्यस्ता उद्योगलाई यो कार्यक्रमा समावेश गरिने छैन ।
- थप जानकारीका लागि कार्यालयको फोन नं. <u>०९६-४१०१६४</u> तथा **<u>उद्यम विकास सहजकर्ता किशोर कैनीको मोवाईल नं. ९८४८४७३०४२ मा सम्पर्क गर्न सकिनेछ ।</u>**

कार्यालय प्रमुख

**व्यावसायिक र सिर्जनशील प्रशासन - विकास,समृद्धि र सुशासन**

फोन नं.०९६- ४१०१६४ Website : csiodadeldhura.gov.npEmail :**csiodadeldhura@gmail.com**